**U.S. Department of Justice**
Civil Rights Division – NYA
Office of Special Counsel for
Immigration-Related Unfair
Employment Practices (OSC)
950 Pennsylvania Ave., NW
Washington, DC 20530

**यदि तपाईंले बिद्युतीय-प्रमाणित (E-Verify) TNC प्राप्त गर्नुभयो भने**

यदि तपाईंले I-9 फारममा दिएको जानकारी सामाजिक सुरक्षा प्रसाशन(Social Security Administration,SSA) अथवा मातृभुमी सुरक्षा विभाग (Department of Homeland Security, DHS)को डेटाबेसेस सँग मेल खान गएन भने E-Verify ले अस्थायी गैर पुष्टि (Tentative Nonconfirmation, TNC) सुचना जारी गर्नेछ ।

**Step 1:** यदि E-verify ले TNC उत्पन्न गऱ्यो भने रोजगारकर्ताले E-verify ले उत्पन्न गरेको TNC सुचना शीघ्र तपाईंलाई उपलब्ध गराउनु पर्छ जसमा TNC सँग प्रतिस्पर्दाको विकल्प उल्लिखित हुन्छ ।

**Step 2**: तपाईंले फारममा TNC सँग प्रतिपर्दा गर्ने हो वा होईन भनी संकेत गर्नुपर्छ, फारममा हस्ताक्षर गर्नुपर्छ र त्यो फारम रोजगारकर्तालाई फिर्ता गर्नुपर्छ । यदि तपाईंले TNC सँग प्रतिस्पर्दा गर्ने निर्णय गर्नुभयो भने तपाईंको रोजगारकर्ताले शीघ्र तपाईंलाई E-Verify ले जारी गरेको रेफरल पत्र दिनुपर्छ जसमा विशिष्ट अनुदेश र सम्पर्क जानकारीहरु हुन्छन ।

**Step 3**:तपाईंले रेफरल पत्र पाउनासाथ पत्रमा जारी गरिएको मितिमा उपयुक्त संघीय संस्था (SSA अथवा DHS) सँग सम्पर्क राख्नुपर्छ ।

सुचना: SSA रेफरल पत्रले तपाईंलाई SSA क्षेतृय कार्यालयमा गई तपाईंको रेकर्डलाई अपडेट गर्न निर्देशन दिन्छ । तथापि, यदि तपाईं अमेरिकाको देशीयकृत नागरिक हो र SSA ले तपाईंको नगरिकताको पुष्टि गर्न सकेन भने तपाईंले USCIS मा पत्रमा भएको फोन नं. मा सम्पर्क गरी TNC को समाधान गर्न सक्नुहुन्छ ।

तपाईंले TNC सँग चुनौती दिन गरेको निर्णयलाई रोजगारकर्ताहरुले न त प्रभाव पार्छन्, न त TNC सँग चुनौतीको समयमा तपाईं बिरुद्ध प्रतिकुल कार्बाइ नै गर्छन । कार्बाइमा यी पर्नसक्छन्:- कार्यनिस्काशन,निलंबन, भुक्तान रोकावट अथवा तालिम रोकावट, अथवा तपाईंको रोजगारमा उल्लंघन गर्नु ।

आफ्नो राष्ट्रियताको कारणले अथवा इमिग्रेशन स्टेटस्को कारणले तपाईंप्रति पनि कुनै भेदभाव भएको छ भने सहायताको लागि यो हटलाईन नम्बरमा सम्पर्क राख्नुहोस् ।

**I-800-255-7688**

कान नसुन्नेहरुका लागि टी.डी.डीः I-800-237-2515
वाशिंगटन, डी.सी. क्षेत्रमा सम्पर्क राख्नुहोस: (202) 616-5594
वाशिंगटन, डी.सी, टी.डी.डी नम्बरः (202) (616-5525)

अध्यागमन सम्बन्धित तथा नौकरीमा भेदभावपूर्ण नीतिको लागि विशेष परामर्शदाता (OSC)
**Office of the Special Counsel for Immigration-Related Unfair Employment Practices (OSC)**

को कार्यालय अथवा निम्न टुंगोमा **ओ. एस.सी.लाई लेख्नुहोस्:**

US Department of Justice
Civil Rights Division – NYA
Office of Special Counsel
950 Pennsylvania Ave., NW
Washington, DC 20530

σ तपाईंको राष्ट्रियता, अनुहार अथवा बोलाईलाई आधार बनाएर तपाईंलाई नौकरी दिन अस्वीकार गरियो भने अथवा नौकरीबाट निकालियो भने तपाईंले विशेष परामर्शदाता (OSC) को कार्यालयमा मलाई भेदभाव गरियो भनि अभियोगपत्र दर्ता गर्न सक्नु हुन्छ। भेदभावको कारणले तपाईंले गुमाउनु परेको नौकरी पुनः प्राप्त गर्नमा ओ.एस.सी. ले तपाईंलाई मदत पुऱ्याउन सक्छ। जति दिनसम्म काम गर्न पाईएन, त्यति दिनको तलब पनि तपाईंले पाउन सक्नु हुन्छ।

σ अमेरिकामा कुनै पनि नियोक्ता अथवा मालिकले त्यहाँ नौकरी गर्ने आफ्नो अधिकार रहेको प्रमाणको रुपमा तपाईंले देखाउनु भएको काम गर्ने अधिकार पत्र देखाउँदा अस्वीकार गरि तपाईंलाई काम दिएन अथवा कामबाट निकाल्यो भने अथवा उनीहरुले अमेरिकी नागरिक अथवा स्थाई बासिन्दालाई मात्र काममा राखे भने-- त्यो कानूनको उल्लंघन ठहरिने छ। त्यस स्थितिमा तपाईंले नियोक्तालाई काम गर्ने कानूनी अधिकारको दाबी गर्दा देखाउनु पर्ने कागजपत्रहरुका सूजी देखाउनु पर्छ। यस अवस्थामा पनि नियोक्ताले अझै अरु कागजपत्रहरु पनि मागे भने अथवा तपाईंलाई काम दिन अस्वीकार गरे भने-- त्यसबेला ओ. एस. सी. सित सम्पर्क राख्नुहोस्।

**U.S. Department of Justice**
Office of Special Counsel for Immigration-Related
Unfair Employment Practices

# तपाईंसित काम गर्ने अधिकार छ। यसलाई खोस्न नदिनुहोस्

## जीवनमा घटेका यथार्थ घटनाहरु, जसले तपाईंलाई मदत पुऱ्याउँछ।



## जीवनका यथार्थ घटना
## जसले तपाईंलाई मदत पुऱ्याउँछ

यस पुस्तिकामा चारजना व्यक्तिहरुका जीवनमा घटेका यथार्थ घटनाहरु समावेश छन्। यी व्यक्तिहरुले कामको लागि आवेदन गरेका थिए अनि उनीहरुका आवेदन अस्वीकार भएका थिए। प्रत्येकसित अमेरिकामा काम गर्ने अधिकार थियो तर नियोक्ताले उनीहरुप्रति भेदभाव गरेका थिए अनि उनीहरुलाई काम नदिने बहनाको लागि नियोक्ताले उनीहरुलाई विभिन्न कुराहरु सोधेका थिए, जुन कुराहरु सोध्न उनीहरुलाई अधिकार समेत थिएन। तर महत्वपूर्ण कुरा के हो भने– उनीहरु एकजुट भएर लड़े। हामीलाई अमेरिकामा काम गर्ने अधिकार छ भनेर उनीहरुलाई थाहा थियो अनि उनीहरुले त्यस्ता व्यक्तिहरुसित कुराकानी गरे, जसले उनीहरुलाई मदत गर्न सक्छन्। तपाईं पनि यसो गर्न सक्नु हुन्छ।



"मलाई कोरियामा एक एयरलाईन पाईलटको रुपमा तालिम दिईएको थियो। एक अमेरिकी एयरलाईनमा म फ्लाईट एटेन्डेन्टको रुपमा काम गरिरहेको थिएँ अनि पाईलट पदको लागि मैंले आवेदन गरें। तर मेरो नियोक्ताले पाईलट हुनलाई अमेरिकी नागरिक हुन आवश्यक छ भन्ने कुरा बताए। नौकरीको मार्गमा म उकालो चढ्न सक्षम रहेन रहेछु भन्ने मैंले सोंचे। मलाई जे भएको छ त्यो सरासर गैरकानूनी हो भनि मेरो एक साथीले मलाई स्पष्ट पारिन्।

देशान्तरित मानिसहरुलाई रोजगारमा पक्षपातपूर्ण व्यवहार भएको मामिला हेर्ने विशेष परामर्शदाताको कार्यालयसित सम्पर्क राख्ने उनले मलाई सल्लाह दिईन्। उनले आफूहरुसित त्यस्तो कुनै कानूनी परामर्शताता रहेको जानकारी पनि गराईन्, जसले निःशुल्क सहायता पुऱ्याउन सक्छ। मैंले उनीसित सम्पर्क राखें अनि उनले छानबीन गरे।

त्यसपछि मेरो समस्या समाधान भयो, आज म विमान उडाईरहेछु।"



"एउटा वस्त्र कारखानाले, जहाँ म पेटर्न काट्ने काम गर्छु, एशियाई मुलुकहरुका मानिसहरुबाट मात्र काम गर्ने अधिकार पत्र तथा प्रमाण खोज्यो। हामी गैरकानूनी होईनौं भन्ने कुरा म्यानेजरले सुनिश्चित गर्न लगायो। त्यसपछि उसले भियेतनामकी मेरी साथीलाई कामबाट निकाल्यो, किनभने आफू कानूनी रुपमा स्थाई बासिन्दा हुँदा-हुँदै पनि उनले आफ्नो अस्थाई निवासको लागि समयअवधि बढ़ाईएको कागज देखाउन सकिनन्। काम गरेर उनले परिवारमा सहयोग पुऱ्याउनु थियो। उनी दुःखित भईन् अनि उनले आफूमाथी आईपरेका कुराहरु हाम्रो एक छिमेकीलाई भनिन्। छिमेकीको छोरो एक अध्यागमन सम्बन्धी वकिल थियो, जसले उनलाई उनीमाथी जे भयो सो गैरकानूनी हो भन्ने बताए।

वाशिंगटनमा न्याय विभागको एक कार्यालयबारे उसले उनलाई जानकारी दियो। सो कार्यालयले निःशुल्क सेवा पुऱ्याउँछ भन्ने कुरा उसले उनलाई बताएपछि उनले सो कार्यालयमा सम्पर्क राखिन्। उनको समस्याबारे उनीहरुले छानबीन गरे। उनले आफ्नो नौकरी पुनः प्राप्त गरिन्। जति दिनसम्म उनले काम गर्न पाएकी थिईनन् त्यति दिनको तलब पनि उनले पाईन्। अहिले उनले अरुलाई पनि समस्या परेको बेला सोही कार्यालयमा सम्पर्क राख्ने भनि सल्लाह दिने गर्छिन्। "



"मैंले चीन छोड़ेपछि मलाई अमेरिकामा शरण दिएर बस्ने अनुमति दिईएको थियो अनि अनि मैंले त्यहाँ कम्प्यूटर, प्रोग्रामिङको तालिम दिने नौकरीको लागि आवेदन गरें। मलाई क्यालिफोर्नियामा डिफेन्स कन्ट्रेक्टरको नौकरीको लागि अन्तरवार्ता लिने काम भयो। यो कामको लागि सेक्यूरिटी क्लियरेन्सको आवश्यकता थिएन। तर पर्सोनेल डाईरेक्टरले म अमेरिकाको नागरिक नभएकोले म माथी भरोसा नगर्ने भए।

यो गैरकानूनी हो भन्ने ठहर गरि म आफ्नो चर्चमा गएँ, जहाँ नौकरीमा निष्पक्ष नीतिबारे बुझाउने कार्यशाला थियो। सो कार्यशालामा भेदभावपूर्ण ढंगले काममा नियुक्त गर्ने नीति सम्बन्धमा चर्चा भयो अनि यो नीति गलत थिएछ भन्ने मैंले बुझें।मैंले फोन गरें। उनीहरुले मलाई बोलाए अनि उनीहरुले मेरो नियोक्ता अथवा मालिकसित पनि सम्पर्क राखे।

आज म ढुक्कले काम गरिरहेको छु।"



"मैंले एक घड़ी कारखानामा नौकरीको लागि आवेदन गरें अनि पहिचानको लागि मैंले मेरो ड्राईभिङ लाईसेन्स देखाएँ अनि काम गर्ने अधिकारको लागि मैंले मेरो सामाजिक सुरक्षा पत्र देखाएँ। कारखानाको मालिकले नौकरी दिन अस्वीकार गऱ्यो। मैंले कुन-कुन कागजपत्रहरु देखाउनुपर्छ भन्ने कुरा मलाई बताईएको थियो अनि मैंले त्यसै गरेको थिएँ। त्यसैकारण यहाँ समस्या परेपछि साहयताको लागि मैंले 'हटलाईन्' मा सम्पर्क राखें र सबै कुरा बताएँ। मैंले एक कानूनी परामर्शदातासित कुरा गर्ने अवसर पाएँ, जसले मेरो पक्षमा हस्तक्षेप गरे। त्यसपछि मैंले मेरो नौकरी पाएँ।"